# नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

## अध्यापन अनुमतिपत्र सम्बन्धी सूचना

यस आयोगबाट अध्यापन अनुमतिपत्र वितरण गर्ने प्रयोजनका लागि विभिन्न समयमा भएका विज्ञापनहरुमा उत्तीर्ण भई सशर्त अध्यापन अनुमति पत्र प्राप्त गरेका व्यक्ति र online आवेदन फाराम भर्दा रित नपुऱ्याएका भए पनि प्राविधिक कारणवश अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भई शिक्षा विकास निर्देशनालय वा शिक्षा विकास तथा समन्वय इकाइबाट अध्यापन अनुमतिपत्र वितरण समेत भैसकेका व्यक्तिहरुको हकमा तपसिल अनुसार हुने गरी आयोगको विभिन्न मितिमा निर्णय भएकाले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ६घ को उपनियम (३) अनुसार २०६६/०६७ सालमा प्रकाशित विज्ञापन नम्बर १६/२०६६,१७/२०६६ र १८/२०६६ क्रमश: माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएका उम्मेवारहरुलाई आयोगको निर्णय मिति २०६७।०९।३० अनुसार वितरण भएका अध्यापन अनुमतिपत्र सम्बन्धमा २०७५ कार्तिक २२ गते सम्म तालिम प्राप्त नगरेका भए त्यस्ता अध्यापन अनुमतिपत्र स्वत :रद्द हुनेछन् र तोकिएको समयभित्र तालिम प्राप्त गरेकाको हकमा २०८० असार मसान्त सम्ममा स्थायीमा रुपान्तरण गरिसक्नु पर्नेछ।

२. शिक्षा (आठौं संशोधन) ऐन, २०७३ को दफा ३९ को उपदफा (१) बमोजिम ०७६/०७७ सालमा प्रकाशित विज्ञापन नम्बर ३५/०७६ अनुसार तत्कालीन उच्च माध्यमिक तहमा कार्यरत शिक्षकका लागी सञ्चालन भएको माध्यमिक तहको विषयगत अध्यापन अनुमतिपत्रको परीक्षामा सफल भएका व्यक्तिहरुलाई आयोगको निर्णय मिति २०७७/०३/१८ अनुसार २०८१ चैत्र मसान्त सम्म तालिम पूरा गर्ने शर्तमा सातवटै प्रदेशका शिक्षा विकास निर्देशनालयहरुबाट वितरण गरिएको विषयगत अध्यापन अनुमतिपत्रका सम्बन्धमा नेपाली र सामाजिक विषयका अध्यापन अनुमतिपत्रका लागि अनिवार्य रुपमा २०८१ चैत्र मसान्त सम्म तालिम लिइसक्नु पर्नेछ । तोकिएको समयाबधि भित्र तालिम प्राप्त गर्न नसकेमा त्यस्ता अध्यापन अनुमतिपत्र स्वत : खारेज हुनेछन् । अन्य विषयका हकमा भने शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ को उपनियम (७), (८) र (९) बमोजिम हुनेछ ।

३. शिक्षक सेवा आयोग नियमावली, २०५७ को नियम ९ को उपनियम (७) अनुसार तोकिएका विषयहरुमा मात्र २०७६/०७७ सालमा अध्यापन अनुमतिपत्रको विज्ञापन नम्बर ३६/०७६ प्रकाशन गरिएकोमा आवेदकहरुले यस विज्ञापन अन्तरगत आवेदन माग नगरिएका नेपाली र सामाजिक बिषयमा पनि online आवेदन दिई परीक्षा समेत उत्तीर्ण गरिसकेको र आयोगको मिति २०७७/०३/१८ को निर्णय अनुसार सम्बन्धित शिक्षा विकास निर्देशनालयबाट वितरण गरिसकेका उक्त विषयका अध्यापन अनुमतिपत्र मिति २०७६/३/२ भन्दा पछि तालिम प्राप्त गरेकाहरुको हकमा स्वत : खारेज हुनेछन्।

उप सचिव

४. २०७८/०७९ सालमा प्रकाशित विज्ञापन नम्बर ३७/०७८ बमोजिम माध्यमिक तह अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र आयोगको निर्णय मिति २०७९/०४/०३ अनुसार वितरण गरिएकोमा नेपाली र सामाजिक विषयसंग सम्बन्धित विषयहरु अध्ययन गरेकाहरुको हकमा भने "शिक्षक सेवा आयोग नियमावली २०५७" को नियम ९ उपनियम १ को खण्ड (ग) बमोजिम शैक्षिक योग्यता र तालिम नलिई अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भई प्राविधिक कारणवश अध्यापन अनुमतिपत्र वितरण भएको भए त्यस्ता अध्यापन अनुमतिपत्र स्वत:रद्द हुनेछन्।

५.२०७८/०७९ सालमा प्रकाशित विज्ञापन नम्बर ३८/०७९ बमोजिम निम्न माध्यमिक तह अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र आयोगको निर्णय मिति २०७९/०५/२९ अनुसार वितरण गरिएकोमा शिक्षक सेवा आयोग नियमावली २०५७" को नियम ९ उपनियम १ को खण्ड (ख) बमोजिमको शैक्षिक योग्यता र तालिम नलिई अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भई प्राविधिक कारणवश अध्यापन अनुमतिपत्र वितरण भएको भए त्यस्ता अध्यापन अनुमतिपत्र स्वत:रद्द हुनेछन्।

नेपाल सरकार शिक्षक सेवा आयोग सानोठिमी, भक्तपुर २०५६

उप सचिव